भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal


"घुमौं भरतपुर"

# भरतपुर भ्रमण वर्ष २०२४

## उपलब्धी

भरतपुर महानगरपालिकामा भएका पर्यटकीय गन्तव्यहरुलाई राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा प्रवर्धन गर्ने, पर्यटकको संख्या बृद्दि गर्ने र बसाई लम्वाउने, दिगो पर्यटन विकासबाट सामाजिक एवम् आर्थिक परिवर्तन गर्ने उद्द्श्यले आयोजना गरिएको "भरतपुर भ्रमण वर्ष २०२४" मा विभिन्न संघ/संस्थाहरूको आयोजना र भरतपुर महानगरपालिकाको प्रवर्द्धनमा ५६ वटा कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भए,

होटल व्यवसायी संघ चितवनद्वारा आयोजित राष्ट्रिय रैथाने खाना महोत्सव, पशुपंक्षी तथा औषधि व्यवसायी संघको केन्द्रीय अधिवेशन, कुमाल राष्ट्रिय अधिवेशन, होटल व्यवसायी महासंघको केन्द्रीय बैठकहरू, रोटरी क्लब अफ रत्ननगरद्वारा आयोजित म्याराथन, लायन्स क्लबका अधिवेशन तथा गोष्ठिहरु, योग शिविर तथा अनुष्ठान, चितवन उद्योग संघद्वारा आयोजित फर्मा एक्स्पो, कृषि प्रदर्शनी, चितवन रोटरी क्लबद्वारा आयोजित हेरिटेज म्याराथन, गन्तव्य प्रवर्धन साइकल र्‍याली, टूर प्याकेज प्रवर्धन लगायतका गतिविधिहरु सम्पन्न भए,

महानगरको विशेष प्रयासमा चितवन राष्ट्रिय निकुञ्जद्वारा वन्यजन्तु उद्धार केन्द्र स्थापना तथा सर्वसाधारणको लागी बाघ तथा गैंडा अवलोकनको व्यवस्था गर्नुका साथै प्राकृतिक वासस्थानमा गोही छोड्ने कार्यक्रम, ठोरी भन्सार खुला गर्ने कार्य सम्पन्न,

नेपाल र भारत बिच दुई देशीय पर्यटन प्रवर्धन अन्तरक्रिया कार्यक्रमको आयोजना, अन्तर प्रदेश राष्ट्रिय खेलकुद प्रतियोगिता, शिक्षक संघ संगठन, रिटर्नी क्लबहरू, राजनीतिक पार्टिका अधिवेशन तथा सम्मेलनहरू, आदिवासी जनजाति सांस्कृतिक महोत्सव तथा व्यापार मेला, रक्तदान शिविर, उद्योग वाणिज्य संघद्वारा आयोजित नयाँ वर्ष उत्सव २०८१, सशस्त्र प्रहरी बल नेपालद्वारा आयोजित विपद प्रकोप प्रतिकार्य अभ्यास उद्धार कार्यक्रम, सरकारी निकायहरूद्धारा आयोजित समीक्षा बैठकहरू, भारतसँगको विद्युत समझौता बैठक, एशियन पेन्ट्सको देशभरिका डिलरहरूको सम्मेलन, बीमा बैंकको गोष्ठी बैठक तथा अधिवेशनहरू, युवा उद्यमी मंचको राष्ट्रिय सम्मेलन, स्टोनपार्कमा आयोजित राष्ट्रिय रैथाने खाना महोत्सव, राष्ट्रिय धान दिवस तथा रोपाई महोत्सवहरू, विभिन्न शैक्षिक संस्थाद्वारा आयोजित कार्यक्रमहरू, भरतपुर खुला राष्ट्रिय तेक्वान्दो प्रतियोगिता आदि आयोजनाहरू सफलतापूर्वक सम्पन्न,

वर्ष २०२३/२०२४ मा कुल तिन लाख छ हजार आँठसय सैत्तिस पर्यटक निकुञ्जमा प्रवेश गरेका छन्, जसमा ४२% बाह्य पर्यटक छन्। जनवरी देखि जुलाई २०२४ सम्म १४८,०००( एक लाख अठ्चालिस हजार पर्यटक आगमन भएकोमा जुलाईदेखि मध्य डिसेम्बरसम्म विदेशी पर्यटक ३३,७३० (तेत्तिस हजार साँत सय तिस) र आन्तरिक पर्यटक ३२,८८० (बत्तिस हजार आँठ सय असी) गरि ७२,४६१( बहत्तर हजार चार सय एकसठी ) पर्यटकको आगमन भएको देखिन्छ।



Scanned with CamScanner

भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

भरतपुर महानगरपालिकामा विशेष गरी आन्तरिक पर्यटकको आकर्षण रहेको देखिन्छ, जहाँ ११,६४,५९३( एघार लाख चौसठ्ठी हजार पाँच सय त्रियानब्य) आन्तरिक पर्यटकले भरतपुर भ्रमण गरेका छन् भने २,८४,६४५( दुई लाख चौरासी हजार छ सय पैंत्तालिस) वाह्य पर्यटकले अवलोकन गरेका छन्, जसमा निकुञ्ज भ्रमण नगर्ने पर्यटकहरु समेत समावेश गरिएको छ।

केन्द्र सरकार, प्रदेश सरकार, अन्य स्थानिय पालिका, नेपाल पर्यटन बोर्ड, निजी क्षेत्रको विशेष भुमिका रहेको भरतपुरको प्रवर्धनको यो महाअभियानमा सम्पुर्ण राजनितिक दल, सुरक्षा निकाय, उद्योगी, व्यवसायी र सम्पुर्ण नगरवासीहरु एवम् देश विदेशमा रहने शुभ चिन्तकहरु सबैको आर्थिक, भौतिक र नैतिक साथ र सहभागिता थियो ।

होटल व्यवसायी संघ चितवनले भरतपुर भ्रमण वर्षको पूर्व सन्ध्यामा मिति २०८०/०९/१४ र ऐ. १८ गतेसम्म भरतपुर-२, क्याम्पा चौर, नारायणगढ, चितवनमा आयोजना गरेको रैथाने फुड फेस्टिवल तथा सांस्कृतिक कार्यक्रमको मध्ये उभार भएको दिन १६ पौष, २०८१ तदनुसार १ जनवरी, २०२४ बाट प्रारम्भ भएको महाभियान तत्कालिन सम्माननिय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूको प्रमुख आतिथ्यता र पुर्व प्रधानमन्त्रीहरुज्यूको विशेष आतिथ्यता, राजनितिक पार्टीका केन्द्रिय प्रमुखहरु, मुख्यमन्त्रीहरु लगायत विशिष्ट व्यक्तिहरुको सहभागितामा मार्च १, २०२४ मा नारायणी नदि किनारको प्रदर्शनी मैदानमा भरतपुर भ्रमण वर्ष, २०२४ को औपचारिक उद्घाटन भएको थियो।

पर्यटकिय नगरी मेघौलीमा मिति २०८१/०९/१२ देखि ऐ. १६ गतेसम्म आयोजित राष्ट्रिय रैथाने खाना महोत्सवको शुभारम्भ बागमती प्रदेशका मुख्यमन्त्री माननिय बाहादुर सिंह तामाङ्ग (लामा) को प्रमुख आतिथ्यतामा समुद्घाटन भई "भरतपुर भ्रमण वर्ष २०२४" को समापन एवम् भ्रमण वर्ष वार्षिक उत्सव कार्यक्रमको प्रमुख आतिथ्यता सम्माननिय पुर्व प्रधानमन्त्री एवम् नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल (प्रचण्ड) बाट माननीयज्यूहरु, राजनितिक दलका नेतागण, उद्योगी व्यवसायी, स्थानिय आयोजक संघ संस्थाहरु लगायत सम्पुर्ण महानुभावहरुको सक्रिय सहभागितामा सब्य एवम् भव्य रुपमा सम्पन्न भएको थियो।

करोडौंको व्यापारिक उछाल ल्याउन सफल यो वृहद प्रवर्धनात्मक अभियान भरतपुर भ्रमण वर्ष २०२४ पर्यटन विकासमा Pilot Project ( पाइलट प्रोजेक्ट) को रुपमा अनुकरणीय छ ।

०८१/१०/२

(तेजेन्द्र प्रसाद पौडेल)
महाशाखा प्रमुख

056-515771, 511013, 511467, 511083
E-mail: bmc@ntc.net.np / website: bharatpurmun.gov.np

Scanned with CamScanner